परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक



समाचार पृष्ठ ३ मा ...

अब संसारसँग प्रतिस्पर्धा गर्ने क्षेत्र सूचना प्रविधि नै हो : मन्त्री शर्मा

• वर्ष २ • अंक ११३ • २०८० असोज ६ गते शनिबार • (23-Sept-2023) • पृष्ठ ४ • मुल्य रु ५।- www.talknepaltv.com

## मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानमा चिकित्सकको मनपरी :

# सरकारीमा हाजिर, निजीमा काम




**गोविन्द महतो**

जनकपुरधाम । मधेश प्रदेश स्थायी राजधानी जनकपुरधामस्थित मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्रादेशिक अस्पतालमा बिहीबार दिनको १२ बज्दै थियो। ओपीडीमा चेकजाँचका लागि टिकट लिन काउण्टरमा मानिसको भीडभाड लागेको थियो। ओपीडी कक्ष बाहिर पनि बिरामीले भरिभराउ थियो । तर, अस्पतालमा एक/ दुईजना चिकित्सकबाहेक विशेषज्ञ चिकित्सक थिएनन् । १० बजेदेखि डाक्टर कुरिरहेका बिरामी दिउँसो ३ बजेसम्म कुरिरहे । तर, चिकित्सक आइपुगेनन् । ओपीडी कक्षको क्रमशः १६,१७,१८ नम्बर कोठामा फिजिसियन/मेडसिन विभागका एकजना मात्रै चिकित्सक थिए । बिहीबार चिकित्सकहरू, सिद्धिदात्री झा, डा.रामदेव चौधरी, डा. विपिन कुमार यादव, डा. दिग्विजय कुमार ठाकुर,रामेश्वर महासेठ, डा. श्याम बाबु साह र डा. तारकेश्वर महतो लगायतको डयुटी थियो । तर, एकजना डा.सिद्धिदात्री झा मात्र उपस्थित थिए। अन्य ७ जना चिकित्सक अनुपस्थित रहे। जसमा डा.ठाकुर बिरामी बिदामा बसेका थिए। अर्को ओपीडी कक्षको कोठा नं. २८ पेडियाट्रिक विभागमा चिकित्सकहरू विभागीय प्रमुख डा.वैद्यनाथ ठाकुर,डा.अभय मण्डल,डा.जामूनप्रसाद सिंह र डा.जितेन्द्र ठाकुरको ड्यूटी थियो । तर, चारजना डाक्टरमध्ये कोही पनि उपस्थित थिएनन् । यस्तै, ओपीडीको कोठा नं. १४ प्रसूति विभागमा डा.राजदेव महतो,डा.अनिल कुमार पण्डित,डा.चन्द्रनारायण यादव उपस्थित रहेपनि डा.स्वेता साह थिएनन् । बिहान ११ बजेदेखि पुर्जा काटेर लाइन लागेका बिरामी ३ बजेसम्म चिकित्सकको पखाईमा थिए । तर, समयमै चिकित्सक नआउँदा कतिपय बिरामी फर्किएर निजीमा गए। कोही दिनभर कुरेर घर जान बाध्य भए। जनकपुरधाम उप-महानगरपालिकाका -२ बस्दै आएका विन्देश्वर यादव हातखुट्टा सुन्निएर चेकजाँच गराउन अस्पताल आएका थिए। समयमा चिकित्सक नआउँदा घण्टौंदेखि लाइनमा बसिरहेको उनले गुनासो पोखे। उनले भने,'हात खुट्टा सुन्निएको छ। बाहिर लाइनमा डाक्टर अब आउँछन् तब आउँछन् भन्दै घण्टौंदेखि कुराइरहेको छ । तर,डाक्टरको अत्तोपत्तो छैन ।' सिरहा मिर्चैयाकी आमोद यादवले चिकित्सक नहुँदा रिपोर्ट देखाउन पनि घन्टौं लाइन बस्नुपर्ने बाध्य रहेको बताए। 'अस्पतालमा डाक्टर खोजेको घण्टौं भयो एकछिन भनेर गएको डाक्टर घण्टौं भइसक्यो। जचाएर आएको घण्टौं भयो, तर रिपोर्ट हेरिदिने चिकित्सक छैन। अस्पतालमा चिकित्सकको दरबन्दी नभएको भने होइन । स्वास्थ्य विभागका अनुसार प्रादेशिक अस्पतालमा केही एकाध दरबन्दी बाहेक अन्य चिकित्सकको दरबन्दी पुरा छ।

यद्देपि अस्पतालमा चिकित्सक भेटिदैनन्। अस्पतालमा डाक्टर फेला पार्नु भनेको मन्दिरमा भगवान् फेला पार्नु जस्तै भएको जानकी चोक जनकपुरका युवा सुशिल कर्णले बताए। उनले भने,'यहाँको डाक्टरको हाजिर सरकारीमा काम नीजिमा हुन्छ । अस्पतालमा पुगेका बिरामीले डाक्टर खै भन्दै सोधेमा नर्स उल्टै थर्काउन थर्काउँछन्।'कर्णले सहज हिसाबले अस्पतालमा डाक्टर भेट्नु र उपचार पाउनु भगवान पाउनु सरह भएको बताए । आफ्ना निजी क्लिनिक अनी प्राइभेट अस्पतालमा मनग्गे आम्दानी हुने भएकाले अस्पतालमा हाजिर गरेर टाप कस्ने गरेको सेवाग्राहीको गुनासो छ । एक कर्मचारीले भने, 'डाक्टरहरू आउनु हुन्छ। तर, १२ नबज्दै हाजिर लगाएर निस्किहाल्नु हुन्छ। हामी करारका कर्मचारीले बोल्न मिलेन। बोल्यो कि अर्को पटक म्याद थप नहुने पीरलो हुन्छ।' जनकपुरधाम उप-महानगरपालिका १४ मुजेलियाका रमेश राउत भने,'सरकारी अस्पतालमा समस्या धेरै छ। हल कसरी गर्ने भन्ने सोच कसैमा छैन। जसलाई समस्या परेको छ,उसले बोल्ने ठाउँ छैन् जसले समस्या समाधान गर्नुपर्ने हो,उसलाई वास्तै छैन। अनि समस्याको हल कसरी होस् ?' 'हामीले सेवा कहिले पाउने ? बिरामीले समयमा उपचार नपाउने,अस्पतालका डाक्टर निजी क्लिनिक धाइरहने,'उनले थपे। प्रादेशिक अस्पतालका अधिकांश चिकित्सक हाजिर गरेर टाप कस्ने गरेको अस्पतालकै कर्मचारीहरू बताउँछन्। चिकित्सकहरू ढिलो आउने र छिटो जाने परम्परा नै बसेको अस्पतामा कार्यरत एकजना नर्सले नाम नछाप्ने शर्तमा अन्नपूर्णलाई बताइन् । उनले भनिन,'यहाँ कोही कसैले केही भन्न सक्दैन,कस्ले भन्छ, सबैको आ-आफ्नै राजनीतिक पहुँच छ । जसलाई जतिबेला मन लाग्यो आउने र जति बेला मन लाग्यो जाने सिस्टम बसिसकेको छ । १० बजेदेखि ४ बजेसम्म ओपीडीमा बस्नुपर्ने डाक्टरहरू एक /दुई घण्टा पनि अस्पतालमा बस्दैनन्।'




## सर्लाहीको मलंगवामा भएको घटनामा

# दोषीको पता लगाई कारवाही गर्ने निर्णय

**टक नेपाल**



सर्लाही । सर्लाहीको मलंगवामा दुई समुदायबीच भएको घटनामा दोषीलाई कारवाही गर्ने निर्णय भएको छ । शुक्रबार जिल्ला प्रशासन कार्यालयमा बसेको सर्वदलिय बैठकले ६ बुँदे निर्णय गरेको हो । यस्तै, मलंगवामा शुक्रबार साँझ ५ बजेदेखि ७ बजेसम्ममा गणेश पूजाको सबै स्थानको मूर्ति एकैठाउँमा राखेर विर्सजन गरिने भएको प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले जानकारी दिए । ब्रम्हपुरी गाउँपालिकामा भएको तोडफोडको घटनामा संलग्नलाई समेत पक्राउ गरी कारवाही गर्ने, मानवीय तथा भौतिक क्षति पुर्याउनेलाई पक्राउ गरी उसैबाट क्षतिपूर्ति भराउने, आगामी दिनमा यस्ता किसिमका घटना हुन नदिन सबै पक्ष जिम्मेवार भएर लाग्ने निर्णय भएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । बिहिबार मलंगवामा दुई समुदायबीच विवाद भएपछि राति १० बजेदेखि अनिश्चितकालीन कर्फ्यु लगाइएको छ ।

# सरकार र आन्दोलित शिक्षकबीच ६ बुँदे सहमति, आन्दोलनका सबै कार्यक्रम फिर्ता



**टक नेपाल**

काठमाडौं । सरकार र तीन दिनदेखि काठमाडौंमा आन्दोलरत शिक्षकहरुबीच ६ बुँदे सहमति भएको छ । शिक्षकहरूले उठाएका मागहरूलाई संसदबाटै पूरा गर्ने गरी सहमति भएको सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले जानकारी दिइन् । सहमतिसँगै शिक्षकहरुले आन्दोलन पनि फिर्ता लिएको उनको भनाई छ । शुक्रबार अपरान्ह भएको चौथोचरणको वार्ताबाट दुवै पक्षबीच ६ बुँदे सहमति बनेको हो । योसंगै शिक्षकहरुको सम्पूर्ण आन्दोलन स्थगित भएको छ । आन्दोलित शिक्षकहरु उक्त सहमतिमा हस्ताक्षर गर्न तयार भएसँगै अब आइतबारदेखि देशभरका विद्यालय खुल्ने भएका छन् । प्रस्तावित शिक्षा विधेयकमाथि चर्को असन्तुष्टि राख्दै देशभरका शिक्षक तीन दिनदेखि आन्दोलनमा थिए ।



## ....सम्पादकीय

# किन हुन्छ डाक्टर माथि आक्रमण

सबैलाई थाहा छ, डाक्टर भनेको सम्मानित पेसा हो । यसलाई कतिपयले भगवानको रुपमा पनि लिने गर्दछन् । डाक्टरले मृत्युको मुखमा पुगेको बिरामीलाई समेत जीवनदान दिने भएपछि यो पेसामा संलग्न रहेका व्यक्तिहरु यसै पनि भगवान जस्तै हुन्छन् । धेरैको जीवन डाक्टरहरुले पक्कै पनि बचाएका छन् तर केहीको भने चाहेर पनि बचाउन सकिरहेका हुँदैनन् अनि डाक्टर माथि नागरिकहरुको आक्रोश बढ्ने गर्दछ । क्षणिक आक्रोशले पनि बदलाको भाव सृजना गराएर डाक्टरमाथि आक्रमण हुने गरे को देखिन्छ ।हेटौंटाको सन्चो अस्पतालमा पनि भएको यही नै हो । आफ्ना मानिसको जीवन गएपछि उनीहरुमा आफन्तहरुमा पनि आक्रोश आउनु गलत पनि होइन तर यसो भन्दैमा आक्रोशका कारण डाक्टरमाथि नै हातपात गर्नुपर्छ भन्ने पनि होइन । कानुनी रुपमा पनि डाक्टरलाई सजायँ दिने ठाउ चैं र हन्छ । कानुन नै हातमा लिनु चैं गलत नै हो । यसो भन्दैमा फेरि डाक्टरहरुको पनि गल्ती नै नहोला भन्न पनि सकिदैन । कतिपय डाक्टरहरुको निकै बद्मासी देखिन्छ । उनीहरुले आफ्ना बिरामीहरुको स्वस्थ्यमाथि पनि खेलवाड गरेको उदाहरण समाजमा छन् ।त्यसैले पनि भगवानको रुपमा रहेका डाक्टरहरुको सानो कमजोरीका कारण ठूलो मानवीय क्षति पनि भएको हुन सक्छ । डाक्टर को पनि गल्ती हुन सक्ने भएकाले यसतर्फ बेलैमा उनीहरु पनि सचेत रहेको खण्डमा डाक्टरमाथिको आक्रमण रोकिन सक्ने छ ।

# भारतमा थप आठ सय मेगावाट बिजुली निर्यात गर्न सकिने

■ टक नेपाल

काठमाडौँ । नेपाल र भारत बीचका प्रसारण संरचना र पूर्वाधारलाई अधिकतम क्षमतामा उपयोग गरेर थप आठ सय मेगावाट बराबरको बिजुली निर्यात गर्न सकिने भएको छ । सो विषयमा दुई देशका उच्च अधिकारीबीच प्रारम्भिक समझदारी भएको छ । नेपाल विद्युत् प्राधिकरण र भारतको केन्द्रीय विद्युत् प्राधिकरणबीचमा भएको द्विपक्षीय छलफलका क्रममा हाल सञ्चालनमा रहेका प्रसारण पूर्वाधार र निर्माण सम्पन्न हुने चरणमा रहेका पूर्वाधार प्रयोग गरेर विहार, उत्तर प्रदेशलगायत भारतीय राज्यमा बिजुली निर्यातका लागि थप सहज हुने भएको छ । भारतको केन्द्रीय विद्युत् प्राधिकरणले प्रतिस्पर्धी बजारमा पाँच सय २२ मेगावाट र एनभिभिएनलाई एक सय १० मेगावाट गरी कूल छ सय ३२ मेगावाट विद्युत् हाल निर्यात भइरहेको छ । त्यसमध्ये पाँच सय ६२ मेगावाट विद्युत् ढल्केबर-मुजफ्फपुर, चार सय केभी क्षमताको अन्तरदेशीय प्रसारण लाइन र ७० मेगावाट महेन्द्रनगर-टनकपुरस्थित १३२ केभी प्रसारण लाइनबाट निर्यात भइरहेको छ । नेपाल र भारतका ऊर्जा सचिवस्तरीय निर्देशक समितिको गत फागुनमा सम्पन्न संयुक्त निर्देशक समितिको १० औँ बैठकमै बिहारसँग जोडिएका एक सय ३२ केभी क्षमताका प्रसारण लाइन प्रयोग गरेर भारतका अन्य राज्यमा समेत बिजुली निर्यातका लागि सहजीकरण गरिदिन प्राधिकरणले अनुरोध गरेको थियो । उक्त विषयमा सो बैठकमै सैद्धान्तिक सहमति भएको थियो । त्यसको प्रारुप तयार पार्न भारतको केन्द्रीय विद्युत् प्राधिकरणले अन्य भारतीय निकायसँगको परामर्शमा तय गर्ने निर्णय गरेको थियो । सोही सहमतिअनुसार यही असोज २ गते भारतको राजधानी नयाँ दिल्लीमा भारतको केन्द्रीय विद्युत् प्राधिकरण र नेपाल विद्युत् प्राधिकरणका उच्च अधिकारीबीच थप बिजुली निर्यातका लागि प्रसारण पूर्वाधार प्रयोग गर्ने विषयमा सहमति भएको प्राधिकरणका निर्देशक प्रबल अधिकारीले जानकारी दिनुभयो । छलफलमा नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, प्राधिकरणका निर्देशक प्रबल अधिकारी तथा भारतको केन्द्रीय विद्युत् प्राधिकरणका चिफ इञ्जिनियर राकेश गोयललगायतको सहभागिता थियो । पछिल्लो छलफलपछि नेपालसँग सीमा जोडिएका बिहार र उत्तर प्रदेश लगायत प्रदेशमा थप आठ सय मेगावाट बिजुली निर्यातका लागि छलफल भएको हो । छलफलका आधारमा आगामी संयुक्त निर्देशक समितिको बैठकमा प्रस्ताव पेश गरिनेछ । नेपाल र भारतको बिहारबीच एक सय ३२ केभी क्षमताका छ वटा प्रसारण पूर्वाधार जोडिएको छ । यस्तै नेपाल र भारतको उत्तर प्रदेशबीचमा निकट भविष्यमै सम्पन्न हुने चरणमा न्यू नौतवना मैनिहिया, कोहलपुर नानपाराबीच एक सय ३२ केभी प्रसारण लाइन जोडिनेछ । भारत सरकारले जारी गरेको विद्युत् व्यापार निर्देशिकाबमोजिम ती राज्यमा र त्यसभन्दा बाहिर अन्य राज्यमा समेत विद्युत् व्यापारका लागि नेपाल विद्युत् प्राधिकरणले थप सुविधा पाउनेछ । भारतको बिहार र उत्तर प्रदेशका समेत प्रसारण लाइनमार्फत अन्य राज्यमा बिजुली पठाउँदा प्रसारण शुल्क भने नियामक निकायले तोकेबमोजिमको तिर्नुपर्नेछ । यस्तै प्राविधिक कारणले गर्दा ३३ केभी र ११ केभी क्षमताका प्रसारण लाइनमार्फत भने अब बिजुली निर्यात नगर्ने र आयातका लागि मात्रै खुला गरिने भएको छ । त्यस्तै भारतीय राज्यसँग जोडिएका एक सय ३२ केभी क्षमताका प्रसारण लाइन र चार सय केभी क्षमताका अन्तरदेशीय प्रसारणको प्रयोगका सन्दर्भमा पनि दुई पक्षबीच छलफल भएको छ । त्यस्तै सूचना आदानप्रदानका लागि एक सय ३२ केभी क्षमताका प्रसारण लाइन 'डेटा र भ्वाइस कम्युनिकेशन' का लागि 'स्काडा सिस्टम' मार्फत भारतीय केन्द्रीय भारप्रेषण केन्द्र र नेपालको भार प्रेषण केन्द्रबीच जोड्ने प्रस्ताव गरिएको छ । त्यस्तै भारतको राजधानी नयाँदिल्लीमा मङ्गलबार र बुधबार बसेको नेपाल-भारत संयुक्त प्राविधिक टोली (जेटिटी) को बैठकले एक सय ३२ केभी क्षमताको प्रसारण लाइनमार्फत अन्य राज्यस्तरमा समेत विद्युत् खरिद बिक्री गर्नसक्ने निर्णय गरेको छ । नेपाल-भारत संयुक्त प्राविधिक टोलीको १४ औँ बैठकमा नेपालका तर्फबाट ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयका सहसचिव सन्दीप देवले नेतृत्व गर्नुभएको थियो । सोही बैठकले भारतीय कम्पनी सतलज विद्युत् निगमले निर्माण गरिरहेको चार सय केभी क्षमताको ढल्केबर-सीतामढी प्रसारण लाइनसमेत प्रयोग गर्ने सहमति भएको छ । सो प्रसारण लाइनको क्षमता उपयोग गर्ने विषयमा सहमति भएको सहसचिव देवले जानकारी दिनुभयो । यसैगरी हाल सञ्चालनमा रहेको ढल्केबर-मुजफ्फपुर अन्तरदेशीय प्रसारण लाइनको क्षमता पनि आठ सय मेगावाट बराबर पुऱ्याइएको छ । हाल निर्माणाधीन हेटौँडा-ढल्केबर चार सय केभी क्षमताको प्रसारण लाइन पूरा भएपछि नेपालले ढल्केबर -मुजफ्फपुर प्रसारण लाइनको क्षमताअनुसार नै बिजुली आयात निर्यात गर्न पाउनेछ ।

# साहसिक पर्यटनलाई लक्षित गर्दै चिनियाँ ब्राण्ड 'होम्तो' नेपालमा




■ टक नेपाल

काठमाडौँ । नेपालमा यतिखेर मुख्य पर्यटकीय सिजन सुरु भएको छ । मनसुन सकिएर पर्यटकीय सिजन सुरु हुनै लाग्दा पर्यटन क्षेत्रमा चहलपहल बाक्लिएको छ । गत जेठ ३१ गते प्रवेश गरेको यस वर्षको मनसुन यही असोज १५ गते सकिँदैछ । मनसुनपछि पर्यटकीय गतिविधि बढ्नुका साथै दसैं, तिहार, छठलगायत महत्वपूर्ण पर्वले पर्यटन क्षेत्रमा बेग्लै रौनक ल्याउने गर्दछ । अहिले पदयात्राका लागि उपयुक्त मौसम पनि हो । मनास्लुलगायत हिमाल तथा चुली आरोहणमा स्वदेशी तथा विदेशी आरोही गन्तव्यमा लम्किरहेका छन् । पदयात्राका लागि विभिन्न मुलुकबाट आउने विदेशी पर्यटकको सङ्ख्या विस्तारै बाक्लिदै छ । प्रमुख पर्यटकीय क्षेत्र काठमाडौँको ठमेल, पोखरा, चितवनलगायत गन्तव्यमा आन्तरिक तथा बाह्य पर्यटक गन्तव्यमा निस्किन चाँजोपाँजो मिलाइरहेका छन् । यस सिजनमा मुख्यगरी पदयात्री पर्यटकका अत्यावश्यक सामग्रीको व्यापार बढी हुने व्यापारीहरु बताउँछन् । पदयात्रामा चाहिने सामग्री र उपकरण खरिद गरी आवश्यक बन्दोबस्ती गर्नेको भीड लाग्ने गर्दछ । साहसिक पर्यटनलाई लक्षित गर्दै आवश्यक पोसाक, उपकरणलगायत सामग्री एकै थलोबाट उपलब्ध गराउने उद्देश्यले नेपालमा चिनियाँ ब्राण्ड 'होम्तो' आउटडोर स्पोर्टस काठमाडौँमा सुरु भएको छ । नयाँसडकस्थित नेपा कम्प्लेक्समा आज शुभारम्भ गरिएको उक्त ब्राण्डको नेपाली अल्ट्रा धाविका मीरा राई, तेक्वान्दो खेलाडी आयशा शाक्य र राष्ट्रिय फुटबल टोलीका सदस्य बिकेस कुथुले उद्घाटन गर्नुभयो । चर्चित 'केलमी' नेपालमा भित्र्याएको आधिकारिक विक्रेता 'कुमारी इङ' प्रालिले होम्तो ब्राण्ड भित्र्याएको हो । कुमारी इङमार्फत जाल्पा इन्टर नेसनल विजनेश ग्रुपले उक्त ब्राण्डको व्यवस्थापन गर्नेछ । विश्वका ४० भन्दा बढी मुलुकमा आफ्नो उपस्थिति जनाइसकेको होम्तोले नेपालमा पनि सेवा विस्तार गरेको हो । दरबारमार्ग ठमेल, पोखरालगायत स्थानमा ब्राण्डको शाखा विस्तार गरिने योजना रहेको होम्तो नेपालका अध्यक्ष सुदर्शन न्यौपानेले बताउनुभयो । उचित मूल्यमा गुणस्तरीय अन्तर्राष्ट्रिय ब्राण्ड नेपाली उपभोक्तालाई पुऱ्याउने उद्देश्यले नेपालमा होम्तो भित्र्याइएको उहाँले बताउनुभयो । उहाँका अनुसार कम्पनीले विशेष गरेर पदयात्राका लागि आवश्यक जुत्ता, कपडा, बोतल, पाललगायत सामग्री उत्पादन गर्ने गरेको छ ।


**विज्ञापनको लागि सम्पर्क गर्नुहोस्**

**सम्पर्क नम्बरहरु**

९८०७८२१०१४, ९८६३२१०१४

९८०४८०४७००


## आवश्यक टेलिफोन नम्बरहरु

| | | | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल | १०० | IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | ५२०१९९ | सिटि केयर हस्पीटल वर्दिवास | ५५०५२७ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ | छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला ट्रा.प. कार्यालय | ५५००५५ | ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ | बर्दिवास दुरसञ्चार | ५५०००० |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ | नेपाल रेल्वे जनकपुरधाम | ५२०२११ |
| बर्दिबास अस्पताल | ५५००९० | जनकपुर आँखा अस्पताल | ५२०३९७ |
| रेडक्रस एमबुलेन्स | ५२०१०० | प्रदेशिक अस्पताल जनकपुरधाम | ५२००३३ |
| वारुण यन्त्र (दमकल) | ५२००९७ | सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ | एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाझिज) | ०४१-६२०४९१, ९८०४८१५१२६ |
| जलेश्वर अस्पताल | ५२००७० | | |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ | एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ | एम्बुलेन्स (मारवाडी सेवा समिति) | ५२२७६२, ५२१७८४ |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ | एम्बुलेन्स (जानकी मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ | महाविर युवा कमिटी एम्बुलेन्स | २५९८० |

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | स्वास्थ्य कमजोर रहनाले काम पूरा गर्न समय लाग्नेछ। | तुला | अध्ययनमा प्रगति हुनेछ। लेखन कला र अनुभवलाई पनि निखार्ने अवसर प्राप्त हुनेछ। |
| बृष | रमाइलो यात्रा र मनोरञ्जनको आनन्द लिने समय छ। | वृश्चिक | इच्छाशक्ति बढ्नुका साथै कीर्तिमानी कामको यश लिने अवसर प्राप्त हुनेछ। |
| मिथुन | मिहिनेतीहरूका लागि समय निकै उत्साहजनक रहनेछ। | धनु | सुरुमा खर्च बढ्नुका साथै अर्थअभावले सताउन सक्छ। फाइदाका लागि दोहोर्‍याएर प्रयत्न गर्नुपर्ला। |
| कर्कट | प्रतिष्ठित काम सम्पादन गर्ने मौका छ। फाइदाको स्रोत पहिल्याउन सकिनेछ। | मकर | अरूलाई प्रभावित पारेर फाइदा उठाउने समय छ। व्यापार, साझेदारी र सट्टापट्टामा लाभ मिल्नेछ। |
| सिंह | अरूलाई दिएको वचन पूरा गर्न नसक्दा मन खिन्न रहला। | कुम्भ | पुराना कामको चर्चा हुनेछ भने मिहिनेत गर्दा उपलब्धिको स्रोत प्राप्त हुनेछ। |
| कन्या | नयाँ काम र व्यापारमा बिहानको समय अनुकूल रहनेछ। | मीन | भाग्योन्नतिको समय छ। पहिलेको उपलब्धिले उत्साह जगाउनेछ। |

**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

# देशभर २२ जनप्रतिनिधि रिक्त, वैशाखमा उपनिर्वाचनको तयारी



■ टक नेपाल

काठमाडौं । देशभर २२ जनप्रतिनिधि रिक्त रहेको पाइएको छ। निर्वाचन आयोगका अनुसार एक/एक प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्यको पद रिक्त छ । संविधान सभाका अध्यक्ष सुवास नेवाङको निधन भएपछि प्रतिनिधि सभा इलाम क्षेत्र नम्बर १ रिक्त भएको छ। ४ मंसिर २०७९ मा भएको निर्वाचनमा इलाम १ बाट नेम्वाङ निर्वाचित भएका थिए। सुदूरपश्चिम प्रदेश सभा बझाङ निर्वाचन क्षेत्र नम्बर १ मा उपनिर्वाचन गर्नुपर्ने छ । ४ मंसिर २०७९ मा भएको चुनावमा यस क्षेत्रबाट निर्वाचित प्रदेश सभा सदस्य पृथ्वीबहादुर सिंहको निधनपछि उक्त पद रिक्त भएको हो । आयोगका प्रवक्ता शालिग्राम पौडेलका अनुसार जिल्ला समन्वय समितिको प्रमुख कैलालीका लागि उपनिर्वाचन गर्नुपर्ने छ। समिति प्रमुख जितेका पदमबहादुर कलेलको निधन भएपछि पद रिक्त भएको हो । बाँकी रिक्त रहेका १९ पद स्थानीय सरकारका जनप्रतिनिधि हुन् । दैलेखको महाबु गाउँपालिका अध्यक्ष, गौरीशंकर गाउँपालिका उपाध्यक्षको उपनिर्वाचन गर्नुपर्ने छ । गत निर्वाचनमा कांग्रेसबाट निर्वाचित महाबु गाउँपालिकाका अध्यक्ष लक्ष्मुमन गुरुङ र दोलखाको गौरीशंकर गाउँपालिकाको उपाध्यक्षमा श्यामसुन्दर तामाङको निधन भएपछि पद रिक्त भएको हो । बाँकी १७ जना वडाअध्यक्षहरुको पद रिक्त छ। गढी गाउँपालिका ६ का वडाध्यक्ष, त्रियुगा नगर पालिका-१२ का वडाध्यक्ष, इशानाथ नगरपालिका ७ का वडाध्यक्ष, राजपुर नगरपालिका-६ का वडाध्यक्ष, कीर्तिपुर नगर पालिका ४ का वडाध्यक्ष, ककनी गाउँपालिका-२ का वडाध्यक्षको उपनिर्वाचन गर्नुपर्ने छ । हेटौंडा उपमहानगरपालिका-१२ का वडाध्यक्ष, गोरखा नगर पालिका-५ का वडाध्यक्ष, मुसिकोट गाउँपालिका-१ का वडाध्यक्ष, घिमिरे रुन्टीगढी गाउँपालिका-४ का वडाध्यक्ष, ठाकुरबाबा नगरपालिका-४ का वडाध्यक्ष उपनिर्वाचन गर्नुपर्ने छ। तिलागुफा नगरपालिका-४ का वडाध्यक्ष, कुशे गाउँपालिका-७ का वडाध्यक्ष, दुहुँ गाउँपालिका-५ का वडाध्यक्ष, सुर्मा गाउँपालिका-४ का वडाध्यक्ष, पूर्वाचौकी गाउँपालिका-६ का वडाध्यक्ष र काठमाडौं महानगर पालिका-१६ का वडाध्यक्षका लागि उपनिर्वाचन गर्नुपर्ने निर्वाचन आयोगले जनाएको छ। निर्वाचन आयोगका अधिकारी हरुका अनुसार उपनिर्वाचनको विषयमा सरकारसँग संवाद चलिरहेको छ। यसअघि निर्वाचन आयोगका प्रमुख आयुक्त दिनेश थपलियासहितको आयोगको टोलीले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, उपप्रधान तथा रक्षामन्त्री पूर्णबहादुर खड्का, उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठसँग भेटेर आगामी मंसिरमा चुनाव गर्ने प्रस्ताव गरेको थियो । तर, सरकारले राष्ट्रिय सभा सदस्यको निर्वाचन पछाडि मात्रै उपनिर्वाचन गर्नु उपयुक्त हुने बताएकाले वैशाखका लागि तयारी अगाडि बढेको आयोगका अधिकारीहरु बताउँछन् । राष्ट्रियसभा सदस्यको एक तिहाइ सदस्य (२१ जना सांसद) को कार्यकाल आगामी फागुन २० गते सकिँदैछ । त्यसको एक महिना अगाडि नै रिक्त हुने स्थानका लागि निर्वाचन हुनेछ ।

# अब संसारसँग प्रतिस्पर्धा गर्ने क्षेत्र सूचना प्रविधि नै हो : मन्त्री शर्मा

■ टक नेपाल



काठमाडौं । सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले संसारसँग प्रतिस्पर्धा गर्ने क्षेत्र सूचना तथा सञ्चार प्रविधि भएकाले सबै सरोकारवालाको ध्यान सूचना प्रविधिको विकासमा हुनुपर्ने बताउनुभएको छ । आज युनियन अफ आइसिटीएस प्रोफेसनल्स नेपालले आयोजना गरेको 'नेपालमा दिगो रोजगारी आर्थिक वृद्धिका लागि सञ्चार क्षेत्रको सुदृढीकरण' विषयक सामाजिक संवादका अवसरमा उहाँले सूचना प्रविधिको विकासका लागि सरकार र निजी क्षेत्र सँगसँगै अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो । सूचना तथा सञ्चार प्रविधिको विकासका लागि सरकारले नीति, कानुन र पूर्वाधार निर्माणका क्षेत्रमा काम गर्ने उल्लेख गर्दै उहाँले निजी क्षेत्रले लगानी बढाउनुपर्ने बताउनुभयो । "सरकारले चालु आर्थिक वर्षको बजेटबाटै आत्मनिर्भर अर्थतन्त्रको आधारः स्वदेशमै उत्पादन र रोजगार भन्ने नाराका साथ सूचना प्रविधि क्षेत्रलाई पनि समेटेर सबै स्थानीय तहमा राष्ट्रिय उत्पादन र रोजगार प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने घोषणा गरिसकेको छ", उहाँले भन्नुभयो । मन्त्री शर्माले सूचना प्रविधिमा आधारित उत्पादन वृद्धि र रोजगार प्रवर्द्धनका लागि सङ्घीय सरकारले कानुन, पूर्वाधार र जनशक्ति उत्पादनमा ध्यान केन्द्रित भएको भन्दै प्रदेश र स्थानीय तहलाई पनि यसका लागि मन्त्रालयले प्रोत्साहन गरिरहेका बताउनुभयो। पूर्वाधारको पहिलो सर्त 'कने क्टिभिटी' भएकाले मुलुकभर द्रुत गतिको इन्टरनेटको पहुँच विस्तार गर्दै सूचना प्रविधि ज्ञान पार्क स्थापना गर्न सकियो भने देशका जुनसुकै ठाउँमा बसेर पनि सूचना प्रविधिमा आधारित उद्यम सञ्चालन गर्न सकिने उहाँको भनाइ छ । "जहाँसम्म दिगो रोजगारी र आर्थिक वृद्धिका लागि सूचना प्रविधि क्षेत्रलाई सुदृढ गर्ने सवाल छ, यो महत्वपूर्ण विषय हो", उहाँले भन्नुभयो, "जसरी अहिले सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढेको छ, यसले स्वतः सूचना प्रविधिमा आधारित कारोबार पनि बढाएको छ । हामीले अहिलेसम्म आयातित सूचना प्रविधिका उत्पादन बढी प्रयोग गरिरहेका छौँ, अब हामीले देशभित्रै सूचना प्रविधिमा आधारित उत्पादन बढाउनेतिर ध्यान दिनुपर्ने बेला आएको छ।" नेपालमा सूचना प्रविधिमा आधारित रोजगारी र स्वरोजगारी बढ्दै गएको उल्लेख गर्दै उहाँले सरकारले चालु आवको बजेटदेखि पुँजीगत बजेटको न्यूनतम एक प्रतिशत रकम अनुसन्धान, नवप्रवर्तन र आविष्कारमा खर्च गर्ने, सूचना प्रविधिको उद्योगमा वैदेशिक लगानीको सीमा हटाउने, देशभित्रै बसेर सूचना प्रविधिको सेवा निर्यात गरी विदेशी मुद्रा आर्जन गर्ने व्यक्तिलाई विदेशी मुद्रामा प्राप्त गरेको आयमा लाग्ने करमा ५० प्रतिशत छुट दिनेलगायतका व्यवस्था गरिएको पनि मन्त्री शर्माले जानकारी दिनुभयो । सरकारी सेवामा दक्ष जनशक्ति आकर्षित गर्न निजामती सेवामा अलग्गै 'सूचना प्रविधि' समूह बनाएर सङ्घीय निजामती विधेयक अघि बढाइएको उल्लेख गर्दै उहाँले उनीहरुको क्षमता विकासका लागि सूचना प्रविधि स्टाफ कलेज लगायतका संरचनाबारे पनि योजना बनाइरहेको उहाँको भनाइ छ ।



अब विश्वको कुनै कुनाबाट एक क्लिकमा हेर्नुस्
मधेश र देश विदेशको हरेक खबर
www.talknepaltv.com
बर्दिबास मिडिया ग्रप प्रा.लि.
बर्दिबास, महोत्तरी (मधेश प्रदेश)

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!
त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त मधेश प्रदेशकै एक मात्र प्रतिष्ठित सामुदायिक क्याम्पस
बर्दिबास जनता बहुमुखी क्याम्पस
मा शैक्षिक सत्र २०८०/०८१ को लागि BBS र B.Ed प्रथम वर्षमा भर्ना खुलेको सहर्ष जानकारी गराउँदछौं ।
अध्यापन हुने सङ्कायहरु :
१. Management (अंग्रेजी र नेपाली माध्यम)
२. Education
→Major English →Major Population
→Major Nepali →Major Health
→Major Math
३. Masters in Education Semester System
→Nepali & Health
कक्षा सञ्चालन : २०८० मंसिर १० गतेदेखि
MBS Proposed
हाम्रा विशेषताहरु :
१. उत्कृष्ट तथा गुणस्तरीय शिक्षा प्रदान गर्न सफल सामुदायिक क्याम्पस
२. दक्ष तथा अनुभवी प्राध्यापकहरुद्वारा अध्यापन गराइने
३. गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई विशेष छात्रवृत्तिको व्यवस्था
४. सुविधा सम्पन्न भवन तथा अनुशासित वातावरण
५. आन्तरिक परीक्षामा उत्कृष्ट हुने विद्यार्थीहरुलाई विशेष छुटको व्यवस्था
६. पुस्तकालयको राम्रो व्यवस्था भएको
विस्तृत जानकारीका लागि
9861018766, 9842876871
बर्दिबास न.पा.-१४, महोत्तरी

अब बर्दिबासमै खुल्यो सुविधा सम्पन्न अस्पताल
साई मल्टिस्पेसियालिटी हस्पिटल एण्ड ट्रमा सेन्टर
बर्दिबास न.पा-१ महोत्तरी (यातायात कार्यालयको सामुने)
हाम्रा सेवाहरु

• २४सै घण्टा इमरजेन्सी सेवा
• HDU, ICU, NICU सेवा
• २४ सै घण्टा डिलेभरी सेवा
• २४सै घण्टा ट्रमा(हाड जोर्नी एवं नसा)
• २४सै घण्टा अपरेशन सेवा
• २४सै घण्टा बाल रोग विशेषज्ञ सेवा
• २४सै घण्टा भिडियो एक्स-रे सेवा
• २४सै घण्टा ल्याब, प्याथोलोजी सेवा
• इण्डोस्कोपी कोलोनोस्कोपी सेवा
• छाती, मुटु तथा पेट रोग विशेषज्ञ
• हाड जोर्नी तथा नशा रोग सेवा
• पेट, आन्द्रा, लिभर एवं छाती रोग विशेषज्ञ
• नाक, कान, घाँटी, आँखा, मुख तथा दाँत रोग सेवा
विशेषज्ञ डाक्टरद्वारा दैनिक OPD सेवा
9801673409, 9801673410, 9801673411, 9801673412, 9801673415

# जाँचबुझ आयोगले बुझायो यती एयर दुर्घटनाको अन्तिम प्रतिवेदन

■ टक नेपाल

काठमाडौं । १ माघ २०७९ का दिन काठमाडौंबाट पोखराका लागि उडेको यती एयरलाइन्सको ९एन-एएनसी जहाज पोखरामा दुर्घटनामा परेपछि गठित जाँच आयोगले बिहीबार फाइनल प्रतिवेदन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किरातीलाई बुझाएको छ । मन्त्रालय र आयोग दुवैले यो प्रतिवेदन गोप्य राखेका छन् । मन्त्रालयका प्रवक्ता राजेन्द्रकुमार केसीका अनुसार यो प्रतिवेदन अझै ६० दिन गोप्य नै राखिने भएको छ । त्यस अवधिमा सरोकारवाला निकाय/मुलुकमा यो प्रतिवेदनको मस्यौदा पठाइने र प्रतिक्रिया लिइने छ । यो अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनको मापदण्ड हो। त्यसपछि भने यो प्रतिवेदन सम्बन्धित निकाय तथा सर्वसाधारणको जानकारीका लागि सार्वजनिक गरिने छ ।यसअघि आयोगले फागुन पहिलो साता दुर्घटनाको प्रारम्भिक प्रतिवेदन सार्वजनिक गरेको थियो । जसमा मानवीय त्रुटि मुख्य कारण रहेको निष्कर्ष निकाल्दै थप अध्ययन गर्ने बताएको थियो ।जाँचबुझ आयोगका संयोजक नागेन्द्र घिमिरेले प्रारम्भिक प्रतिवेदन ककपिट भ्वाइस रेकर्डरका आधारमा निकालिएको र फाइनल प्रतिवेदनमा भने अन्य विभिन्न पक्षको समेत गहन अध्ययन गरिएको जानकारी दिए । यद्दपि दुर्घटना के कारणले भयो र आगामी दिनमा यस्तो हुन नदिने के सुझाव दिइयो भन्ने विषय भने अहिले सार्वजनिक गर्न नमिल्ने उनले प्रतिक्रिया दिए । जहाज दुर्घटना अध्ययनको फाइनल प्रतिवेदन ६० दिन अगाडि सार्वजनिक गर्न नमिल्ने प्रावधान रहेको भन्दै उनले सरोकारवालाबाट सुझाव लिइसकेपछि भने मन्त्रालयले त्यो अगाडि पनि सार्वजनिक गर्न सक्ने उनले बताए । प्रारम्भिक प्रतिवेदनपछि दुर्घटनाको भग्नावशेषबाट ३ सय किलो तौलका विभिन्न उपकरण फ्रान्सको ल्याबमै पुर्‍याएर अध्ययन गरिएको भन्दै उनले त्यसले दुर्घटनाको कारण यकिन गर्न सहयोग गरेको घिमिरेले बताए ।१ माघ २०७९ का दिन पोखरामा भएको जहाज दुर्घटनामा काठमाडौंबाट ककपिटमा प्रशिक्षक पाइलट कमल केसी र क्याप्टेन अन्जु खतिवडा थिए । जहाजको कमाण्ड भने क्याप्टेन खतिवडासँग थियो । यो जहाज १०:३२ मा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट उडेको थियो । जहाज पोखरा पुगेपछि ६ हजार फिटबाट अवतरणका लागि ५ सय फिटको उचाइमा ओर्लिसकेको थियो । ट्राफिक कन्ट्रोलरले जहाजलाई धावनमार्ग 'थ्रीजीरो'बाट अवतरण गर्न अनुमति दिएका थिए । तर, पाइलटले उत्तरतर्फको रनवे 'वानटू'बाट जहाज अवतरण गराउने गरी अनुमति मागेका थिए । सोही अनुसार एटीसीले अनुमति दिएका थिए। सो बेला पोखराको मौसम खुलेको थियो। बादल थिएन । जहाज १० :५७:३२ सेकेन्डमा भुँइमा बजारिएको थियो । त्यसको ठिक अगाडि १०:५७:१८ सेकेण्डमा को-पाइलटको सिटमा रहेका प्रशिक्षक पाइलट केसीले जहाजको कन्ट्रोल लिएको प्रारम्भिक प्रतिवेदनमा उल्लेख थियो। दुर्घटनाका बेला जहाज धावनमार्गको बेस लेगमा थियो। अर्थात् जहाज मोड्नुपर्ने अवस्थामा थियो । त्यसबेला जहाजका दुवै इन्जिनका प्रोपेलरहरु फेदरमा गएको देखिएको थियो । त्यस अवस्थामा जहाज अगाडि बढ्न सक्दैन । जसले गर्दा जहाज भुँइमा झरेको थियो । यो अवस्था कसरी आयो भन्ने बारे विस्तृत प्रतिवेदनमा उल्लेख भएको बताइएको छ। सो दिन उही चालक दलका सदस्यको यो तेस्रो उडान थियो । जहाज भीएफआर प्रणालीबाट अवतरण गरिरहेको थियो । दुर्घटनामा परि चालक दलका सदस्यसहित ७२ जनाको निधन भएको थियो। यो नेपालको आन्तरिक हवाई उडानको इतिहासमै सबै भन्दा विनासकारी दुर्घटना हो ।



# एमाले मधेश अधिवेशनको तयारी सुरु

■ टक नेपाल

जनकपुरधाम । नेकपा एमालेको मधेश प्रदेश अधिवेशनको तयारी सुरु भएको छ। एमालेको अधिवेशन आगामी असोज २४, २५ र २६ गते गते जनकपुरधाममा हुने छ । मधेश अधिवेशनको तयारीका लागि विभिन्न समिति तथा उपसमिति गठन गरी जिम्मेवारी बाँडफाँट गरिएको छ । एमालेका मधेश प्रदेश प्रचार विभाग प्रमुख शोम शर्माका अनुसार प्रदेश अध्यक्ष रामअवतार यादवको संयोकत्वमा प्रतिनिधि छनोट तथा व्यवस्थापन समिति, प्रदेश उपाध्यक्ष रेवती पन्तको संयोजकत्वमा जनपरिचालन समिति गठन गरिएको छ। त्यस्तै कमलकिशोर चौधरीको संयोजकत्वमा स्वयम सेवक परिचालन समिति, शिवशंकर साह हिराको संयोकत्वमा खाद्य व्यवस्थापन समिति, मोहम्मद कायस्थको संयोकत्वमा आवास व्यवस्थापन समिति र प्रचार विभाग प्रमुख शर्माको संयोकत्वमा प्रचार प्रसार समिति गठन गरिएको जनाएको छ । यस्तै पोलिटव्युरो सदस्यहरु लिलानाथ श्रेष्ठ, जुली महतो र अच्युत मैनाली रहेको प्रतिनिधि छनोट, व्यवस्थापन तथा सुपरिवेक्षण अनुगमन समिति समेत गठन गरिएको प्रचार विभाग प्रमुख शर्माले बताए । उनका अनुसार अगामी असोज ११ गते अधिवेशनको मूलनारा सहितको व्यानर र लोगो सार्वजनिक गरिने छ । अधिवेशनबाट दलित, आदिवासी जनजाती, महिला, युवासहितका कलस्टर र विधिभन्न जनवर्गीय संगठनबाट प्रतिनिधित्व हुने गरी २३५ सदस्य प्रदेश कमिटी चयन गरिने शर्माले बताए । अधिवेशनका लागि १५० स्वयम् सेवक र ५० जना पर्यवेक्षक खटाइने छ। जनकपुरको महेन्द्रनारायण निधि प्रतिष्ठान भवनको प्राङ्गणमा अधिवेशनको उद्घाटन सत्र असोज २४ गते गर्ने एमालेको तयारी छ । एमाले अध्यक्ष केपी शर्मा ओलीले गर्ने कार्यक्रम तय भएको शर्माले बताए । शर्माका अनुसार अधिवेशनका लागि आठवटै जिल्लामा रहेको करिब ६० हजार सक्रिय सदस्य मध्येबाट एक हजार अधिवेशन प्रतिनिधि छनोट गरिने छ । असोज १३ गते मधेश प्रदेशको १३६ वटै पालिकामा मनोनयन दर्ताको कार्यक्रम एमालेले राखेको छ । केन्द्रीय समितिले असोज ५ र ६ गते नै तोकेको थियो। तर तयारी हुन नसके पछि मधेश प्रदेश कमिटीले समन्वय गरी भदौ १९ गते बर्दिबासमा बसेको बैठकबाट असोज २४ गतेका लागि अधिवेशन को मिति तय गरेको थियो ।

खुशीको खबर सिन्धुली जिल्लामा पहिलो पटक प्याराग्लाइडिङ उडान संचालमा आएको छ । प्याराग्लाइडिङ गर्न चाहने व्यक्तीलहरुले आफ्नो नाम बुकिङ्ग गराउन चाहेमा हामिलाई सम्झनुहोस् ।



सुशिल ढकाल
☎ ०४४-५५०६७०, ९८४९७३२९९७

सम्पर्कको लागि
श्री कुसुम कृषि सहकारी संस्था
बर्दिबास, महोत्तरी

दाँत तथा मुख, कपाल र अनुहार सम्बन्धि
सम्पूर्ण उपचार हाम्रै सहर बर्दिवासमा



कस्मेटिक फेस उपचार :
१.हाईड्राफेसियल उपचार(Hydrafacial)
२.अनुहारको चायाँ,पोतो,डण्डिफोर र रिंकल्स आदिको उपचार
३.कपाल बृद्धि उपचार(PRP$GFC)
४.स्कयाल्प माईक्रोपिगमेन्टशन
५.भौं माईक्रोब्लेडिङ(Permanent eye Brow )
६.झुरियाँ उपचार
७.चिल्लो मुस्कानको उपचार (Botox,filler&Thread)
८.ओंठ पिग्मेन्टेशन
९.केमिकल पिलिङ्ग
१०.लेजर(HIFU,Tatoo&Hair Removal)
११.विवि ग्लो
१२.व्युटि स्पट
१३.कानको लोप ममर्त
१४.माईक्रोनिडलिंग उपचार
१५.स्कीन(Tags,Mole Removal)

हाम्रो सेवाहरू :

दाँतको उपचार:
१.दाँतको उपचार (X-ray (RVG)
२.जराको उपचार (3D RCT)
३.गिजाको शल्यक्रि
४.जराको सर्जरी
५.चिरफार गरी दाँत निकाल्ने
६.तलमाथि सम्पूर्ण दाँत निकाल्ने
७.बाङगो टिङगो र छिछरा दाँत मिलाउने (Fixed Ortho)
८.स्थायी दाँत लगाउने
९.बन्द मुख खोल्ने उपचार
१०.हड्डी सम्बन्धी (Fracture of Jaw Bone)
११.दाँत टल्काउने(Bleaching)
१२.दाँत प्रत्यारोपन(Dental implants)

20 % छुट सबै सेवामा

नोटः आधुनिक मेशिनद्धारा दाँत तथा मुख, कपाल र अनुहारको उपचार
निशुल्क परामर्श सेवा
कस्मेटिक तथा दन्त उपचार १५ छुट
अपाङ्ग तथा जेष्ठ नागरिकलाई ५० छुट दन्त उपचार लागि मात्र



SHARMA ORAL DENTAL CARE & FACE CLINIC



DR.SHAMBHU KUMAR SHARMA
BDS,PGDCC

शर्मा ओरल डेन्टल केयर एण्ड फेस क्लिनिक प्रा.लि.
मेन रोड, बर्दिबास
मो. ९८००८७९८५८, ९७४६६७०३९२

"समयमा आफ्नो स्वास्थ्य जाँच गराउ र स्वस्थ रहौं ।"

LIVER FUNCTION TEST
- Bilubine Total/Direst
- SGOT
- SGPT
- ALP
- Total Protine
- Albumine
- Globline
- AG-Ratio
- GGT

Rs. 2800/-

WHOLE BODY CHECKUP
- CBC
- RBC
- LFT/RFT
- TSH
- URINE R/E
- LIPID PROFILE
- USG/ECG/X-RAY

Rs. 6000/-

CARDIAC PROFILE
- CPK
- CK MB
- SGOT
- TROPONIN
- LDH
- TOTAL CHOLESTEROL
- TRIGCYCERIDE

Rs. 5000/-

DIABETS PACKAGE
- URIN R/E
- RFT
- LIPID PROFILE
- CBC
- Glucose/F/PP
- MICRO AIBUMIN
- HBAIC

Rs. 4800/-

"गुणस्तरीय सेवा, हाम्रो प्रतिबद्धता"

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.

बर्दिबास-१४, औरहीरोड सम्पर्क : ०४४-५५०२५५, ९८४४०१५६१६, एम्बुलेन्स : ९८१२०८५६०४

बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, अध्यक्ष : अन्जित कुमार चौधरी, सम्पादक : रंजुकुमारी साह, सल्लाहकार सम्पादक : ईश्वरी काफ्ले, प्रवन्धक : बिनोद ढुंगेल, साजसज्जा : बिबेक कुमार महतो
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बदिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com